Page_14kp.qxd 4/4/2008 11:11 PM Page 1



# स्टेरिङमा सुन्दरी

■ विप्लव भट्टराई

इलाम- गाडी प्रवेशका लागि लहरै र घुमाउरो पारी गाडिएका केही भाटा । तिनका बीचबाट गाडी पास गर्दै महिलाहरू । चालक अनुमतिपत्रको परीक्षा भइरहे जस्तो । कहिले धोबीधारा त कहिले टुँडिखेल । सोही क्रममा माइखोला छेउ राजदुवालीमा पनि यस्तै दृश्य देखियो । 'डाडुपन्यू चलाउने' हातहरू गाडीको स्टेरिङमा व्यस्त रहँदा दर्शकहरू उत्तिकै देखिन्थे ।

जिल्लामै पहिलोपटक ड्राइभिङ सिक्ने अवसर पाएपछि महिलाहरू ती ठाउँ पुगेका थिए । विपन्न नौ महिलाले तालिम प्राप्त गरे ।

दक्षिणी दानाबारी-३ की इन्दिरा राईलाई छोरी पढाउन र हुर्काउन व्यावसायिक रूपमा सवारी चलाउने बताए । 'एकैपटक गाडी पाउन कठिन छ,' पाँचथर प्राम्बुङकी कविता तामाङले भनिन्- 'कुनै संस्थाले सहायता गरिदिए हुन्थ्यो ।' तत्कालै सडकमा निस्कन संकोच भए पनि थप केही समय यस्तो अभ्यास गर्न पाए आत्मविश्वास जाग्ने उनीहरूको ठम्याइ छ ।

'पुरुषभन्दा महिला सिपालु,' युनिभर्सल ड्राइभिङ इन्स्टिच्युटका प्रशिक्षक कल्याण खाकीले भने- 'अवसर नपाएरमात्र रहेछ, छोटो समयमै सबैले राम्रोसँग सवारी चलाउन सिकेका छन् ।' उनीहरूको उत्साह मर्न नदिन निरन्तर सहयोग उत्तिकै खाँचो रहेको उनले बताए ।

महिलाहरूलाई एक महिने तालिम



विप्लव

निक्कै समस्या छ । पतिको दुर्घटनामा मृत्युपछि एकमात्र सहारा बनेकी छोरीको उचित शिक्षा दीक्षाका लागि ड्राइभिङ पेसा अपनाउने हिम्मत कसेको उनले बताइन् । इलाम नगरपालिका-२ की शशि राईको अवस्था पनि उस्तै छ । 'नर्सरी पढ्ने छोरीसँग एक्लै बस्नुपर्ने बाध्यता छ,' उनले भनिन्- 'ड्राइभिङ गरेर राम्रै कमाई गर्न सकिने ठानेकी छु ।'

सवारी चालनको प्रारम्भिक सीप दक्षिणी दानाबारीका पाँच जना, महमाईका दुई र पाँचथरका दुई गरी जम्मा नौ जनाले तालिम लिएका छन् । उनीहरूले दिइएको थियो । 'महिलाले गर्न सक्दैनन् भन्ने ठानिएको काम गर्न लागेका छौं,' महमाईकी फूलमाया आङदेम्बेले भनिन्- 'चुनौती सहेर भए पनि गरेर देखाउनेछौं ।'

फरक क्षेत्रका महिलामा आयमूलक सीप विकासका लागि महिला कल्याण समाज र जिविसले प्रशिक्षण दिलाएको थियो ।



रोल्पाली बालबालिका लिवाङस्थित टुँडिखेलमा थन्क्याइएको गाडीमा खेल्दै । पृष्ठभूमिमा माओवादी झन्डा ।

शैलेन्द्र खरेल

# हलिउड आनाकानी



मुम्बई (एजेन्सी)- हलिउड सपना पाली बत्तिएका बलिउड कलाकार खाली हात फर्किरहेका बेला ऐश्वर्या रायले अभिनेता विल स्मिथको प्रस्ताव तेस्रोचोटि अस्वीकार गरेकी छन् ।

'स्मिथको प्रस्ताव नमान्नुपर्दा दुःख लाग्नु स्वाभाविकै हो,' पछिल्लोचोटि 'दी सेभेन पाउन्ड्स' मा खेल्न नमानेकी नीला आँखाकी अभिनेत्रीले भनिन्- 'मेरा लागि परिवार पहिलो प्राथमिकतामा पर्छ ।' उनले यसअघि 'टुनाइट ही कम्स' र 'हिच' को प्रस्ताव अस्वीकार गरेकी थिइन् । 'दी सेभेन पाउन्ड्सको पटकथाबारे स्मिथसँगको छलफल तिहारपछि राखिएको थियो जतिखेर हजुरआमा तेजी बच्चन गम्भीर रूपले अस्वस्थ हुनुहुन्थ्यो,' पति अभिषेकसँग धार्मिक कर्म निर्वाह गर्न आफूले प्रस्ताव अस्वीकार गरेको अमेरिकी सञ्चारमाध्यमको भनाइ खण्डन गर्दै उनले भनिन्- 'त्यसैले लस एन्जलस उड्न सकेकी थिइनँ ।'

# विदेशीको नेपाली बिहे

■ शिव शर्मा

पोखरा- एल्स र किथ विदेशी हुन् । बेलायती । दुवैले शुक्रबार फेवानगरीमा नेपाली पाराले लगनगाँठो कसे । चौध दिनजति अघि नेपाल आएका उनीहरूले जन्ती उतैबाट ल्याएका थिए ।

पोखरास्थित होटल सांग्रिलामा बिहेको चाँजोपाजो मिलाइएको थियो । नेपाली संस्कारअनुसार बनाइएको जग्गेछेउ बेहुला-बेहुलीलाई राखियो । नेपाली लोकबाजा घन्किरहेको थियो । दुलही किथकी आमा मेरीले कन्यादान दिइन् । एल्सले किथको सिउँदोमा सिन्दूर हालिदिए । किथ मुस्कुराइन् । अनि औंठी साटासाट गरे । नेपाली ढाकाटोपीमा सजिएका जन्ती र केटीपट्टिका



पाहुनाले शुभकामना ताली पिटे । जग्गेको काम सकिएपछि दुवैलाई चितवनबाट झिकाइएको हात्तीमा लेकसाइड सयर गराइएको थियो ।

नेपाली परम्पराअनुसार बिहे गर्न पाएकामा दुवै दंग थिए । दंग पण्डित रविराज पन्त पनि थिए । भने- 'पहिलोपटक विदेशी जोडीलाई हाम्रो परम्पराअनुसार विवाह गराउन पाउँदा रमाइलो अनुभव भयो ।'

नवदम्पतीको बिहे योजना ४ वर्षअघि अन्नपूर्ण पदयात्रा क्रममा बनेको रहेछ । तर जागिरे भएकाले समय जुराउन सकेका थिएनन् । बिहेको चाँजोपाँजो मिलाइदिएका काठमाडौंका र्‍याफ्टिङ व्यवसायी हरिदेव पाठकले भने- 'दुवै वैवाहिक कार्यक्रमका लागि मात्र आएका हुन् ।'

ढाकाटोपीले चिरिच्याट्ट एल्सले 'नेपाली संस्कार मन परेरै नेपालमा बिहेका लागि आएको' बताए । दुलही किथले भनिन्- 'सुन्दर देशमा विवाह गरियो, वैवाहिक जीवनमै त्यस्तै होला ।'

दुवैबीच प्रेमचाहिँ सन् २००० मा पहिलोपटक नेपाल आउँदा गरिएको सगरमाथा क्षेत्रको पदयात्रामा झाँगिएको रहेछ ।

पोखरा र चितवनमा हनिमुन मनाई करिब सातापछि दुवै बेलायत जाँदै छन् ।

'नेपाली माया र सुन्दरता हाम्रो मनमा आजीवन रहिरहनेछ,' नवदम्पतीले भने ।


## नेपाल टेलिकम

राष्ट्र निर्माण हाम्रो लक्ष्य

केन्द्रिय कार्यालय, राजश्व विभाग

**सूचना! सूचना!! सूचना!!!**

यहि २०६४ चैत्र २८ गते हुन गैरहेको संविधानसभा निर्वाचनका लागि मिति २०६४ चैत्र २५ गते देखि २०६५ बैशाख २ गते सम्म सार्वजनिक विदा परेकाले मिति २०६४ चैत्र २५, २६, २७, २९, ३० र २०६५ बैशाख २ गतेका दिनहरुमा विहान १० बजे देखि दिंउसो २ बजे सम्म मात्र काठमाण्डौ उपत्यकाका ग्राहकहरुको हकमा निम्नानुसारका काउण्टरहरु तथा उपत्यका बाहिरका ग्राहकहरुको हकमा सम्बन्धित क्षेत्रीय निर्देशनालयहरुले तोकेको कम्पनीको काउण्टरहरुबाट रिचार्ज कार्ड, हराएको बिग्रेको RUIM र SIM Card परिवर्तन, GSM तथा C-Phone Post Paid को महशुल बुझ्ने व्यवस्था गरिएको व्यहोरा सहर्ष जानकारी गराउंदछौं ।

सार्वजनिक विदा भित्र महशुल बुझाउने अन्तिम मिति भएका स्थानिय टेलिफोन (PSTN) सेवाका ग्राहकहरुको हकमा महशुल बुझाउने अन्तिम मिति २०६५ बैशाख ९ गते सम्म थप गरिएको व्यहोरा अनुरोध छ ।

साथै Recharge Card तथा अन्य Card हरुको बिक्रेताहरुले सार्वजनिक विदा अगावै खरिद गरी बिक्रि गर्ने व्यवस्था गर्नु हुन समेत कम्पनी अनुरोध गर्दछ ।

**GSM Mobile सेवाको लागि**

१. ग्राहक सेवा केन्द्र त्रिपुरेश्वर ।
२. ग्राहक सेवा केन्द्र जावलाखेल ।

**CDMA Post Paid तथा कार्ड सेवाको लागि**

१. दू.सं.का. सुन्धारा काउण्टर, भद्रकालीप्लाजा ।

"ग्राहक सेवामा समर्पित"



संसारको कुनै पनि ठाउँबाट तुरुन्त रकम प्राप्त गर्ने भरपर्दो माध्यम




अन्नपूर्णा ट्राभल एण्ड टूर्स (प्रा) लि.
१०२६-दरबारमार्ग (त्रि-चन्द्र क्याम्पसअगाडि), काठमाडौं
फोन: ४२२३५३०, ४२२३९४० Toll-free Number: 1660-0123456

कार्यालय समयः
बिहान ९:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म
प्रत्येक दिन (बिदामा पनि) खुल्ला रहन्छ ।

WESTERN UNION मनी ट्रान्सफर









नयपाल स्वतन्त्र गराउनको
रणभेरि सुनेर जुरुक्क उठ्यो
गणतन्त्र गराउन गर्जी उठ्यो
छरितो र छिटो नयपाली ठीटो

– स्व. धरणीधर कोइराला



चुनाव चिन्ह
गोलाकारभित्रको
हँसिया–हथौडा

सबैलाई हेऱ्यौं पटकपटक
माओवादीलाई हेरौं यसपटक



## जेरी भर्घिज ग्लोबल रिक्रुटमेन्ट सर्भिसेज प्रा. लि.

"TRUSTED PARTNERS FOR OVERSEAS JOBS WITH LOWEST SERVICE FEES"

श्रम इजाजत नं. ४४७/०६०/०६१

**निः शुल्क ! निः शुल्क !! निः शुल्क**

Saudi Arabia देशको Riyadh शहरस्थित Saudi Hypermarkets Company - Carrefour बाट तल उल्लेखित कर्मचारीहरुको माग आएकोले ईच्छुक व्यक्तिहरुलाई आफ्नो पासपोर्ट साईजको रंगिन फोटो, सक्कल राहदानी, राहदानीको फोटोकपी २ प्रति, अनुभवका प्रमाणपत्र र बायोडाटा सहित २०६५ वैशाख ०८ गते भित्र सम्पर्क राख्नुहोला ।

पूर्व स्वीकृति : २०६४/१०/२१ पत्र संख्या : ०६४/०६५ चलानी नं : ३३४०

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | न्यूनतम योग्यता | मासिक तलव | | ओभर टाइमको सुबिधा | कामको दैनिक अवधि | हप्तामा कामगर्ने दिन | बिदा सम्वन्धि व्यवस्था | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | SR. | नेरु. | | | | | | | |
| १. | Filling&Packaging Labour | १० | सम्वन्धित काममा दक्ष | ७००।- | ११,९००।- | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफैंले | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | नि : शुल्क | नि : शुल्क | नि : शुल्क |

1) Candidates Should have good command over both written and spoken English.
2) Academic qualification should be minimum S.L.C
3) Age should be between 21-28 years.

अन्तरवार्ता धमाधम भईरहेको छ ।

सम्पर्क :- गणेशवस्ती, महाराजगञ्ज चक्रपथ, काठमाण्डौं, नेपाल
फोन नं. ४७२०५०१, ४७२०५०२, ४७२०६५०



## Full Scholarship

WNSO-ICON College of Technology and Management

**Application announcement for WNSO Scholarship to study in London (UK), September 2008 Intake.**

Worldwide Nepalese Students' Organisation (WNSO) initiated by Nepalese Students Worldwide. WNSO is a non-political and non-profitable organisation dedicated to its motto 'social transformation through quality education, volunteerism and capacity building of youth'. This organization bridges for welfare of Nepalese students; and provides scholarship opportunity at national and international level.

WNSO-Nepal pleased to announce that application on September 2008 intake open for all interested and eligible students.

**Scholarships available for following subjects:**

1. **Business Administration via BTEC HND in Business** (2 Years of BA Hons.)
2. **Business Information Technology via BTEC HND in ICT** (2 Years of BSc Hons.)
3. **HND in Tourism and Hospitality Management** (2 Years of BA Hons. Tourism & Hospitality Management)
4. **Postgraduate Diploma in Management Studies (DMS)** (1 Year of 2 Year MBA)
5. **HND in Electrical and Electronic (Communication) engineering** (2 years)

- Eligibility 50% Above
- IELTS / TOFEL Highly preferred
- PGDMS applicant requires min. 1 year of experience.

Top four (4) students will get full scholarship and partially two candidates will be awarded 50% scholarship in advance for above subjects. Application forms can be obtained from WNSO-Nepal office or can be downloaded from it's website.

**WNSO-Nepal**
(Beside BAJAJ Showroom)
P.O.Box: 9339, Dillibazar, Kathmandu, Nepal. Phone: 01-2143143
Web: www.wnso.org.np, email: info@wnso.org.np

**Deadline for the submission of application forms: 15 May 2008**
**The form submission contains Rs. 300.00 non refundable for registration.**


हेमराज ज्ञवालीद्वारा कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं . ८५५९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स: ९७७-१-४४७०१७८, email : kanti@kantipur.com.np, द.नं. ३१/०४९-५०, प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया, सम्पादक : नारायण वाग्ले